रुन्टीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

होलेरी, रोल्पा

५ नं. प्रदेश, नेपाल

## सिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/४/१५

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार यस गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने निम्नानुसारका आय शिर्षकहरूमा आ.व.२०७६/०७७ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, व्यक्ति वा संस्थाले निम्न शर्तहरूका अधिनमा रहि तपशिल बमोजिमको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, उपदफा २ को खण्ड घ(४) र ण (१) बमोजिम गाउँपालिका क्षेत्र भित्रको तरकारी तथा जडीबुटी निकासी वापत उठाइने कर सम्बन्धी व्यवस्था भएकाले तपशिल बमोजिमको बार्षिक ठेक्का अंकका आधारमा दरभाउपत्र आह्वान गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | जम्मा ठेक्का अंक रू. | पछि फिर्ता नहुने गरी दरभाउ पत्र फाराम खरिद गर्ने दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१/०७६/७७ | रुन्टीगढी गाउँपालिका क्षेत्रबाट निकासी हुने तरकारी तथा जडीबुटी | ७७०००० ।- सात लाख सत्तरी हजार मात्र | १,००० ।- एकहजार रुपैयामात्र | |

शर्तहरू:

१. दरभाउपत्र फारम यस कार्यालयबाट माथि उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी यस सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गर्न सकिने छ ।

२. सूचना प्रकाशित भएको मितिले १६ दिनको १२ बजे भित्र आफुले कबोल गरेको कुल ठेक्का अंकको २.५ प्रतिशत धरौटी रकम **नेपाल राष्ट्रिय वाणिज्य बैंक होलेरी शाखामा रहेको हि.नं. ग-३/४३१०३०३००७१०२ यस कार्यालयको धरौटी खातामा** दाखिला गरेको सक्कलै बैंक भौचर संलग्न गरि गाउँपालिका कार्यालय होलेरी रोल्पामा दरभाउपत्र पेश गर्न सकिनेछ ।

३. यसरी पर्न आएका दरभाउपत्रहरू १६ औ दिनको २.०० बजे यस गाउँपालिकाको कार्यालय होलेरी रोल्पामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद, दर्ता र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः सम्बन्धित कार्यहरू सोको भोलिपल्ट गरिनेछ ।

४. ठेक्का अवधि सम्झौता भएको मिति **देखि २०७७ साल आषाढ मसान्तसम्म** हुनेछ ।

५. ठेक्का अविध गणना गर्दा सम्झौता भएको मिति देखि गिरने छ । ।

६. दरभाउपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पस्ट हुने गरि उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र स्वीकृत भएपछि सुचना टाँस भएको मितिले ७ (सात) दिनभित्र नियमानुसार आयकर/मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ । सो अवधिभित्र सम्झौता गरि पट्टा नउठाएमा नियमानुसार हुनेछ ।

८. ठेकेदारले आफुले कबोल गरेको कुल रकम २ (दुइ) किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता वापतको ५०% रकम सम्झौता हुने मितिमा र बाँकी दोस्रो किस्ता सम्झौता मितिले ६ महिनाभित्र बुझाउनुपर्नेछ ।

९. नेपाल सरकारबाट ढाँट तगारो राख नपाइने गरी तोकिएको सडकमा ढाँट तगारो राखी कर संकलन गर्न पाइने छैन।

१०. प्रत्येक कर संकलन चौकीमा कर लगाइने बस्तुको नाम र करका दरहरू उल्लेखित होर्डिङ बोर्ड राख्नुपर्नेछ ।

११. ठेक्कावापत नेपाल सरकार वा अन्य निकायलाइ तिर्नु बुझाउनु पर्ने दस्तुर बोलपत्रदाताले नै बुझाउनु पर्नेछ ।

१२. कुनै कारण जनाइ वा नजनाइ ठेक्का स्वीकृत गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार नियमानुसार यस गाउँपालिकामा सुरक्षित रहनेछ । दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको दरभाउपत्रलाइ स्वतः बदर मानिनेछ । साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१३. सम्वन्धित निकायले अनुगमन गरि प्रतिवेदन दिनु पर्नेछ ।

१४. यस सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुनेछन् ।

चिरञ्जीवि जि.एम.
प्रमुख प्रशासकीय अधिकृत